**करारनामा**

लिखितम् महोतरी जिल्ला, बर्दिबास नगरपालिका वडा नं. ३ बर्दिबास बजार बस्ने मोहनको नाति सोहनको छोरा वर्ष ५३ को विश्वजित शाही यसपछि - प्रथम पक्ष भनिएको) एंव महोतरी जिल्ला, बर्दिबास नगरपालिका वडा नं. ३ बर्दिबास बजार बस्ने हरिमानको नाति कृष्णमानको छोरा वर्ष ४४ को मथुरामान श्रेष्ठ -यसपछि द्वितीय पक्ष भनिएको) समेत २ जनाबीच मोटरकार खरिद बिक्रि सम्बन्धमा निम्न लिखित करार गर्दछौं :-

१) **करारनामाको विषय :-** पहिला पक्षको बा.अ.च. ९८०४ को कालो रङको टोयोटा प्राइभेट कार दास्रो पक्षले खरिद गर्ने सम्बन्धमा भएको हो ।

२) **प्रस्ताव स्वीकृति** :- प्रथम पक्षले आफ्नो बा.अ.च. ९८०४ को प्राइभेट कार रु. १०,००,०००/- अक्षरेपी दश लाख रुपैयाँमा द्वितीय पक्षलाई बिक्रि गर्न प्रस्ताव राख्दछ र दास्रो पक्षले प्रथम पक्षको प्रस्ताव स्वीकृत गर्दछ ।

३) **सर्तहरु** :-

**क**) द्वितीय पक्षले प्रथम किस्ता रु. १,००,०००/- एक लाख आजको मितिले ७ (सात) दिनभित्र, दास्रो किस्ता रु. ५,००,०००/- पाँच लाख आजको मितिले १५ (पन्ध्र) दिनभित्र र तेस्रो किस्ता रु. ४,००,०००/- चार लाख आजको मितिले एक्काइस दिनभित्र प्रथम पक्षलाई चुक्ता गर्नुपर्नेछ र सो रकम प्रथम पक्षले लिनुपर्नेछ ।

**ख**) प्रथम पक्षलाई द्वितीय पक्षले प्रथम किस्ता चुक्ता गरेपछि बा.अ.च. ९८०४ को प्राइभेट कार प्रथम पक्षले द्वितीय पक्षलाई साँचोसहित सुम्पनुपर्नेछ र त्यसपछि सो कारको सञ्चालन द्वितीय पक्षले गर्नेछ । चालक, इन्धन, मर्मत गर्नुपर्नेमा मर्मत खर्च समेत द्वितीय पक्षले व्यहोर्नेछ ।

**ग**) द्वितीय पक्षले प्रथम किस्ता नै चुक्ता नगरेमा करार उल्लंघन गरेको मानिनेछ ।

**घ**) प्रथम पक्षलाई द्वितीय पक्षले प्रथम किस्ता चुक्ता गरी सो कारको प्रयोग वा सञ्चालन गरेपछि दोस्रो र तेस्रो किस्ता चुक्ता नगरेमा सो कार प्रहरी वा सम्बन्धित निकायको सहयोग लिई प्रथम पक्षले आफ्नो कब्जामा लिन सक्नेछ ।

**ङ**) द्वितीय पक्षले प्रथम पक्षलाई प्रथम, दास्रो र तेस्रो किस्ता रकम चुक्ता बुझाइसकेपछि सो कार ३ (तीन) दिनभित्र द्वितीय पक्षलाई सम्बन्धित कार्यालयमा गई कानुनबमोजिम दर्ता, दाखिल, खारेज वा नामसारी गरिदिनुपर्नेछ । काबुबाहिरको परिस्थिति परी सा मितिमा दर्ता, दाखिला, वा नामसारी गरिदिन नसकेमा कारण मनासिब भए यस अवधिलाई दुवै पक्षको सहमतिले ७ (सात) दिनसम्म विस्तार गर्न सकिन्छ ।

**च**) द्वितीय पक्षले प्रथम पक्षलाई चुक्ता गर्नुपर्ने किस्ता तोकिएको मितिमा चुक्ता नगरेमा करार उल्लंघन गरको मानिनेछ र यसअघि चुक्ता गरेको रकम दाबी गर्न पाउने छैन ।

**छ**) प्रथम पक्षले द्वितीय पक्षद्वारा चुक्ता गर्न ल्याएको रकम नलिएमा वा प्रथम किस्ता बुझी लिएपछि कार द्वितीय पक्षलाई प्रयोग गर्न नदिएमा करार उल्घंन गरिएको मानिनेछ र द्वितीय पक्षले क्षतिपूर्ति र हर्जानाको दाबी गर्न सक्नेछ ।

४. **दायित्व र क्षतिपूर्ति** :- करारका पक्षहरुको दायित्व र क्षतिपूर्ति सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४ बमोजिम आफ्नाे-आफ्नो दायित्व क्षतिपूर्ति बहन गर्न करारका दुवैपक्षहरु मञ्जुर गर्दछन् ।

**५. अन्य कुराहरु :-** यो करारनामा करार गर्ने हामी दुवै पक्ष र निम्नलिखित साक्षीहरुको उपस्थितिमा प्रथम पक्षको घर कोठामा लेखबद्ध गरिएको हो ।

<u>पक्षहरु</u>

महोतरी जिल्ला बर्दिबास नगरपालिका वडा नं. ३ बर्दिबास बजार बस्ने विश्जित शाही -प्रथम पक्ष)

महोतरी जिल्ला बर्दिबास नगरपालिका वडा नं. ३ बर्दिबास बजार बस्ने मथुरामान श्रेष्ठ -द्वितीय पक्ष)

<u>साक्षीहरु</u>

१. ऐ. बस्ने एकराज काफ्ले ..........................................................................................१

२. ऐ. बस्ने काशीराम उप्रेती ........................................................................................१

३. लेखक ऐ. ऐ. बस्ने टीकादत्त पाण्डे ...............................................................................१

इति सक्वत् २०७५ साल श्रावण १० गते रोज ५ शुभम् ....................................................................